म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२० मंगलबार, १७ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 1 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेपाल महिला संघ मकवानपुरमा विवाद

हेटौंडा, १६ असार/नेपाली कांग्रेसनिकट भातृसंस्था नेपाल महिला संघ मकवानपुरमा विवाद उत्पन्न भएको छ । बागमती प्रदेशससभा सदस्यसमेत रहेकी लक्ष्मी श्रेष्ठको अध्यक्षतामा रहेको महिला संघको पदाधिकारीले एकलौटी, अपारदर्शी र एकपक्षीय ढंगले क्रियाशील सदस्यता वितरण गरेको भन्दै आलोचना भएको हो । महिला संघ सदस्यता वितरण समन्वय संयोजक ईन्दिरा न्यौपानेले सोमबार पत्रकार सम्मेलन गरी महिला संघ अध्यक्ष श्रेष्ठ र सचिव निलम देवकोटाले एकलौटी ढंगले सदस्यता वितरण गरेको र संगठनका पुराना र जिम्मेवार सदस्यहरुको सदस्यता नवीकरण नगरेको भन्दै आपत्ति जनाइन् । संगठनको विधानविपरीत अपारदर्शी ढंगबाट सदस्यता वितरण गरी अधिवेशन गर्न लागिएको भन्दै कुनैपनि हालतमा यही अवस्थामा अधिवेशन हुन नसक्ने पार्टी मकवानपुरकी सहसचिवसमेत रहेकी न्यौपानेले बताइन् । पार्टी जिल्ला सभापति बुद्ध लामाले पार्टीको एउटा भातृ संगठनको रुपमा रहेको संस्थाले पार्टीको निर्देशन र विधानविपरीत काम गरिए अन्य विकल्प अपनाउने बताए । घटनाप्रति नेपाली कांग्रेस जिल्ला कार्यसमिति मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

### २/२ पटक सूचना टाँसेर असार १९ सम्मको लागि प्रदेशसभा बैठक स्थगित

# सत्ताघटकबीचको असमझदारी छरपष्ट देखियो:प्रतिपक्षी दल

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ बागमती प्रदेशसभाको बैठक सोमबार पनि बस्न सकेन । बजेटको विषयमा सत्तारुढ दलबीचको किचलोका कारण सोमबार पनि २/२ पटक सूचना टाँसेर बैठक स्थगित भएको हो ।

दिउँसो १ बजेका लागि बोलाइएको बैठक असार १९ गते बिहान ११ बजेसम्मको लागि स्थगित भएको छ । प्रदेश सरकारले असार १ गते ल्याएको बजेटमाथि छलफलका गर्न बोलाइएको प्रदेशसभा बैठक बस्दै नबसरी स्थगित गरेको हो । बजेटमाथिको छलफलका लागि आह्वान गरिएको बैठक बस्न सक्ने अवस्था नरहेपछि सारिएको हो । यसअघि असार १२ गते बिहिबारको लागि बोलाइएको बागमती प्रदेश सभाको बैठक बस्दै नबसी स्थगित भएको थियो । बैठक बिहिबार बिहान ११ बजे बस्ने तय भएको थियो तर, प्रदेशसभा सचिवालयले 'विशेष कारण' भन्दै असार १६ गते दिनको १ बजेसम्मको लागि बैठक स्थगित भएको जानकारी गरायो ।

**सत्तापक्षकै अन्तरविरोधको कारण संसद चल्न सकेनः प्रतिपक्षी दल**

बागमती प्रदेश सरकारले प्रदेशसभालाई अनिर्णयको बन्दी बनाएको प्रतिपक्षी दलहरुले आरोप लगाएका छन् । प्रदेशसभा बैठक स्थगित भएपश्चात् प्रदेशसभा सचिवालयमा संयुक्त पत्रकार सम्मेलन गर्दै प्रतिपक्षी दलहरुले विरोध गरेको हो । सत्तापक्षकै अन्तरविरोधको कारण संसद् अनिर्णयको बन्दी बन्न पुगेको उनीहरुको भनाई छ ।

बजेटको विषयमा मन्त्रालयबीच समन्वय हुन नसक्दा सत्ताघटक दलबीचको असमझदारी छरपष्ट देखिएको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकालले बताएका छन् । असार १२ गतेदेखि बजेटमाथि छलफल सुरु गर्ने दलहरुबीच सहमति भएपनि सत्तापक्षकै कारण हालसम्म पनि छलफल प्रारम्भ नै हुन नसकेको उनले बताए । दलहरुबीच आपसी समझदारी, परामर्श र कुनै जानकारी समेत नगराई सरकारले एकलौटी ढंगले बैठक सार्ने काम गरेको उनले बताए ।

बजेटमा रहेको नीतिगत त्रुटी, असन्तुलित विभेदकारी र सेटिङमा आधारित बजेट सच्याएर मात्र समस्याको हल हुने प्रमुख सचेतक ढकालले बताए प्रदेशसभालाई बन्धक बनाउनु भन्दा दलहरुसँग सम्वाद गरी आवश्यक निकाश निकाल्न पनि प्रतिपक्षी दलहरुले सरकारसँग माग गरेको छ । बजेट निर्माण प्रक्रियामा देखिएको विवादले नेकपा एमालेको संसदीय दलको बैठकसमेत प्रभावित भएको छ । बजेट निर्माणप्रति सांसदहरुबीच तीव्र असन्तुष्टि देखिएपछि बैठक नै बस्न नसकेको हो । उनीहरुले प्रदेश सरकारले ल्याएको बजेटमा सांसदहरुद्वारा सिफारिस गरिएका योजना हटाइएर पहुँचवालालाई प्राथमिकता दिइएको आरोप लगाएका छन् ।



अर्थ मन्त्रालयका अनुसार मन्त्रालयहरुले तोकेको बजेट सीमा (सिलिङ)अनुसार पठाएका योजनामध्ये धेरैजसो काँटछाँट गरिएको एमालेका सांसद्हरुले आरोप लगाएका छन् । सचिव तथा मन्त्रीहरुको प्रभावमा योजना छनोट भएको र जनप्रतिनिधिको सिफारिसलाई बेवास्ता गरिएको उनीहरुको आरोप छ । एमालेले बजेट निर्माणमा देखिएको बेथिति दोहोरिन नदिने स्पष्ट गरेको छ ।

पार्टीले बजेट प्रक्रियाको समग्र पुनरावलोकनको माग गर्दै बजेटमा सन्तुलन, पारदर्शिता र सहभागिता सुनिश्चित गर्न सरकार सँग आग्रह गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकारीका अनुसार, एमालेले अघिल्लो अभ्यासअनुसार एक अर्ब रुपैयाँबराबरको योजना 'अर्थ विविध' शीर्षकमा नयाँ प्रविष्टि गर्न माग गरेको छ । तर, अर्थ मन्त्रालयले बजेट र विधेयक सार्वजनिक भइसकेपछि नयाँ योजना थप्न सम्भव नभएको बताएको छ ।

बजेट ल्याउने दिन पनि बजेटको आकारलाई लिएर नेपाली कांग्रेस र नेकपा एमालेबीच चर्को मतभेद भएको थियो । कांग्रेस र एमालेबीच ६८ अर्बको बजेट ल्याउने सहमति भएकोमा बजेटको आकार झण्डै ४ अर्ब बढाइएको भन्दै सरकारमा मतभेत सृजना भएको थियो । अन्ततः बजेटको आकार ६८ अर्बमै यथावत राखिएपछि साँझ बसेको मन्त्रिपरिषद् बैठकले बजेट अनुमोदन गरेको थियो । दिउँसो ३ बजेको लागि बोलाइएको प्रदेशसभा बैठक बेलुका ८:३० बजेपछि बस्यो र आर्थिक मामिला मन्त्री काफ्लेले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट प्रस्तुत गरेका थिए ।

आगामी आर्थिक वर्षका लागि चालुतर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ (३८.६ प्रतिशत) र पूँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोततर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रुपैयाँ, अन्य ६ अर्ब ७९ करोड ४ लाख रुपैयाँ अनुमान गरेको छ ।

## बागमती सरकारको राजीनामा माग्दै प्रतिपक्षी दल

साझाकुरा संवाददाता


हेटौंडा, १६ असार/ बागमती प्रदेश सरकारको बजेट माथिको विवाद चुलिदै गएको अवस्थामा प्रतिपक्ष दलहरुले बजेट सच्याउन वा मार्गप्रशस्त गर्न माग गरेका छन् ।


बागमती प्रदेशसभाका प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र, राप्रपा र एकीकृत समाजवादी पार्टीले बजेट सच्याउन वा मार्गप्रशस्त गर्न सरकारलाई आग्रह गरेको हो । प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रको अगुवाइमा पत्रकार सम्मेलन गरेर संयुक्त विज्ञप्ती जारी गर्दै उनीहरुले सरकार छलफल र सम्बादबाट भागरिरहेको आरोप लगाएका छन् । प्रदेशको आर्थिक वर्ष २०८२/८३ को बजेट प्रदेशसभामा पेश भएपनि सरकारले संसद चलाएर बजेटमाथिको छलफल सुरु गर्न नसकेको उनीहरुको भनाई छ । सरकार छलफल र सम्बादबाट भागेर लगातार प्रदेशसभा बैठक स्थगन गर्दै आएको विज्ञप्तीमा उल्लेख छ ।

माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका प्रमुखसचेतक रत्नप्रसाद ढकालका अनुसार सरकारले बजेट संशोधन वा पुरक पुस्तक ल्याउनुपर्छ । सरकारले असन्तुलित बजेट सच्याउन वा पुरक पुस्तक ल्याउन नसक्ने अवस्था भए मार्गप्रशस्त गर्न उनले आग्रह गरे । सरकारको एकलौटी निर्णयप्रति उनको आपत्ती रहेको छ । प्रमुखसचेतक ढकालले सरकार बजेटमाथिको छलफलबाट भागिरहेको बताए । उनले प्रदेश सरकारको बजेट निर्माण प्रक्रिया नीतिगतरुपमा त्रुटिपूर्ण रहेको भन्दै त्यसमा असन्तुलन, विभेद र मिलेमतो झल्किएको बताए । उनले सत्तारुढ दललाई संवादका लागि आह्वान गरी बजेटको नीतिगत त्रुटिहरु सच्याउन माग गरेका छन् ।

'सरकारसँग बहस गर्ने आँट छैन भने नैतिक जिम्मेवारी लिँदै मार्गप्रशस्त गरोस् । सभालाई अवरोध गरेर जनताको अधिकार कुण्ठित गर्न पाइँदैन' ढकालले भने, 'सरकारले दलहरुबीच कुनै समन्वय नगरी, एकलौटीरुपमा बैठक सार्दै आएको छ । सरकार बजेटमाथि छलफल सुरु गर्नुको साटो प्रदेशसभालाई बन्धक बनाउने प्रयास गरिरहेको छ । संवैधानिक व्यवस्था, संसदीय मर्यादा र लोकतान्त्रिक अभ्यासविरुद्धको कार्य हो । असार १ गते बजेट नआउँदा नै सरकारमा रहेका दल र मन्त्रीहरुबीच विवाद सुरु भएको थियो ।'

आर्थिक मामिला मन्त्री र मन्त्रालयका सचिवबीचको विवाद मिडियामार्फत् सार्वजनिक भएको उनले टिप्पणी गरे । मन्त्रालयबीच समन्वय नहुँदा सत्ताघटक दलहरुबीचको असमझदारी रहेको उनले दावी गरे । सत्तारुढ घटकका कारण असार १२ गतेदेखि संसद बैठक अनिर्णयको बन्दी बनेको उनले बताए ।

साझाकुरा

## हाम्रो कुरा

# एसईई नतिजा: ग्रामीण क्षेत्रमा कमजोर

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा हेटौंडा उपमहानगरका ५८ दशमलब १९ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् तर, ग्रामीण क्षेत्रमा परिणाम सन्तोषजनक देखिएको छैन । परीक्षामा सहभागी नगरका ३ हजार ३ सय ११ मध्ये २ हजार ४५ जना विद्यार्थी उत्तीर्ण भएका हुन् । एसईईमा हेटौंडाका ४ वटा संस्थागत विद्यालयले शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएका छन् तर, ग्रामीण क्षेत्रका कतिपय विद्यालय नील गएको अवस्था छ । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका ९० जना, हेटौंडा-६ स्थित सुनगाभा इंग्लिस बोर्डिङ स्कूलका २१ जना, हेटौंडा-११ स्थित जेम्स स्कूलका १८ जना र हेटौंडा-१८ स्थित मकवानपुर बालविद्यासदनका १८ जनाले शतप्रतिशत नतीजा हासिल गर्न सफल भएका छन् । सामुदायिक विद्यालयतर्फ परीक्षामा सहभागी २ हजार १ सय १५ विद्यार्थीमध्ये १ हजार ६९ जना अर्थात् ५० दशमलब ५४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

संस्थागततर्फ १ हजार १ सय २२ जना विद्यार्थी परीक्षामा सहभागी भएकामध्ये ९ सय ६९ जना अर्थात् ८६ दशमलब ३६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । थाहा नगरका संस्थागत र सामुदायिक विद्यालयबाट एसईईमा ४४ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । नगरपालिकामा रहेका ६ वटा संस्थागत र ११ वटा सामुदायिक विद्यालयबाट ४ सय ९५ जना विद्यार्थीले परीक्षा दिएकोमा २ सय १७ जना उत्तीर्ण भएका हुन् । पालुङ मोर्डन इङ्लिस स्कूलका ४ जना विद्यार्थीले परीक्षा दिएकोमा सबै उत्तीर्ण भएका छन् । थाहानगरकै सुन्दरीदेवी माविका साधारण धार तर्फबाट १९ जना विद्यार्थीले एसईई दिएकोमा सबै अनुत्तीर्ण भएका छन् । सुन्दरीदेवीबाट १७ जनाले प्राविधिक धारतर्फको परीक्षा दिएकोमा एकजनामात्र उत्तीर्ण भएका छन् । बागेश्वरी माविबाट ६९ जना विद्यार्थीले एसईई दिएकोमा १५ जना विद्यार्थी ग्रेडेड भएका छन् । बागमती गाउँपालिकामा ४६ जना विद्यार्थी ग्रेडेड भएका छन् । पालिकामा ५ वटा विद्यालयबाट परीक्षामा सहभागी भएका २ सय ७७ जना विद्यार्थीमध्ये ४६ जना अर्थात् १६.६१ प्रतिशत विद्यार्थी उत्तीर्ण भए । गतवर्ष ३ सय ३९ जना विद्यार्थी एसईईमा सहभागी भएकामध्ये २७ जना मात्र उत्तीर्ण भएका थिए । राक्सिराङ गाउँपालिकामा ६ वटा विद्यालयबाट १२ जना विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् । ६ दमलब ४५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा राक्सिराङका ६ मध्ये ३ वटा विद्यालयको नतीजा निल आएको छ । इन्द्रसरोवरमा ३८ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका छन् । पालिकाका ६ वटा विद्यालयबाट परीक्षामा सहभागी १ सय ५ जना विद्यार्थीमध्ये ३८ विद्यार्थी उत्तीर्ण भएका हुन् । गतवर्ष इन्द्रसरोवर गाउँपालिकाबाट ८४ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा १४ जना उत्तीर्ण भएका थिए । कैलाशमा ४५ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका छन् ।

कैलाशमा ६ वटा विद्यालयबाट परीक्षामा सहभागी भएका १ सय ६१ विद्यार्थीमध्ये ४५ जना एवम् २७ दशमलब ९५ प्रतिशत विद्यार्थी उर्त्तीण भएका हुन् । गतवर्ष कैलाश गाउँपालिकाबाट १ सय ९९ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा ११ जना (५.५२ प्रशित) उत्तीर्ण भएका थिए । मनहरीबाट परीक्षामा सहभागी भएका ४ सय २९ विद्यार्थीमध्ये एक सय ४२ जना उत्तीर्ण भएका छन् । मकवानपुरगढीमा ४३ दशमलब ६६ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । गढीमा १० विद्यालयबाट एसईईमा सहभागी २ सय १३ जना विद्यार्थीमध्ये ९३ जना विद्यार्थी उत्तीर्ण भएका छन् । गढीका १० वटा माध्यमिक विद्यालयमध्ये मकवानपुरगढी-५ स्थित शारदा माविको नतीजा शतप्रतिशत रहेको छ । बकैयामा १८ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण (ग्रेडेड) भएका छन् । बकैयाका १२ वटा विद्यालयका विद्यार्थी एसईईमा सहभागी हुँदा २ वटा विद्यालय नील भयो । बकैयाका १२ विद्यालयका ४ सय ११ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा ७४ जना (१८ प्रतिशत) विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् । भीमफेदीमा २३ दशमलब ४ प्रतिशत विद्यार्थी मात्रै ग्रेडेड भएका छन् । भीमफेदीका १ सय ९६ जना विद्यार्थीमध्ये ४६ जना मात्रै उत्तीर्ण भएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १८ गते बुधबार २ जुलाई २०२५ । सप्तमी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ । विश्व खेलकुद पत्रकार दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

# एसईईपछि कुन विषय पढ्ने, कस्तो विद्यालय छान्ने ?



✍ रविप्रसाद बराल

२०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उल्लेखनीय सुधार देखिएको छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले शुक्रबार साँझ सार्वजनिक गरेको नतिजा अनुसार यस पटक ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्, जुन अघिल्लो वर्षको तुलनामा १३.९५ प्रतिशतले बढी हो । बोर्डका अनुसार जीपीए १.६० देखि २ जीपीए-८ जना, जीपीए २ देखि २.४०-४ हजार १२६ जना, जीपीए २.४० देखि २.८०-४८ हजार ४७९ जना, जीपीए २.८० देखि ३.२०-८९ हजार १२४ जना, जीपीए ३.२० देखि ३.६०-८१ हजार ३८५ जना, जीपीए ३.६० देखि ४-४८ हजार १७७ जना, ननग्रेडेड-१ लाख ६७ हजार ५९७ जना गरी जम्मा पास विद्यार्थी संख्या २ लाख ७१ हजार २९९ जना रहेको छ । ७ चैतदेखि सञ्चालन गरिएको २०८१ को कक्षा १० एसईई परीक्षामा कुल ४ लाख ३८ हजार ८९६ परीक्षार्थी सहभागी थिए । परीक्षा दिएका विद्यार्थीमध्ये २ लाख ७१ हजार २९९ जना कक्षा ११ मा भर्नाका लागि योग्य भएका हुन् ।

एसईईको नतिजापछि विद्यार्थी जीवनको निर्णायक मोडमा पुगेका छन् । अबको यात्राले उनीहरूको शैक्षिक धार, करिअरको दिशा र जीवनशैलीमा गहिरो प्रभाव पार्नेछ । यी निर्णायक घडीमा केवल विद्यार्थी मात्र होइन, अभिभावकहरू पनि जिज्ञासु छन्, अब कुन विषय रोज्ने ? कस्तो विद्यालय उपयुक्त होला ? कुन शैक्षिक धार भविष्यको लागि प्रभावकारी हुन्छ ? विद्यार्थी र अभिभावकलाई उपयुक्त विषय छनोट र विद्यालय चयनमा स्पष्ट, विवेकसम्मत र सन्दर्भअनुकूल मार्गदर्शन प्रदान गर्न यो लेख तयार पारिएको हो ।

**निर्णयको घडी**

एसईई परीक्षाको नतिजा सार्वजनिक भएसँगै हजारौं विद्यार्थी र अभिभावकका मनमा एउटै जिज्ञासा उठ्न थालेको छ, अब कुन विषय पढ्ने? कुन विद्यालय रोज्ने ? यो केवल अर्को कक्षामा उक्लने प्रक्रिया मात्र होइन, यो निर्णयले विद्यार्थीको भविष्यको दिशा निर्धारण गर्छ । सामान्यत: विद्यार्थीले आफूले पढ्दै आएको विद्यालयमै कक्षा ११ अध्ययन जारी राख्ने परम्परा नेपालको शिक्षापद्धतिको आधार रहँदै आएको छ । तर, शिक्षा नियमावली २०५९ को नवौं संशोधन पश्चात्, कक्षा १० पछिको अवस्थामा विद्यार्थीले आफ्नो विषय, स्थान वा परिस्थिति अनुसार विद्यालय परिवर्तन गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ, सामान्य स्थानान्तरण होस् वा विपद् वा महामारीको अवस्था । त्यसैले, यस महत्वपूर्ण मोडमा सोच-विचार, जानकारी र विवेक सहित निर्णय गर्नु आवश्यक छ । सही निर्णयले आजको पढाइ मात्र होइन, भोलिको पेशा र जीवनशैलीलाई पनि आकार दिन्छ ।

**१. सबैभन्दा पहिले आफूलाई चिन्ने प्रयास गरौं**

एसईईपछि विषय छनोट गर्नु केवल अध्ययनको कुरा होइन, यो आफ्नो भविष्यको दिशा पहिल्याउने प्रक्रिया हो । त्यसैले, सबैभन्दा पहिले विद्यार्थीले आफ्नै रुचि, क्षमता र सपनालाई बुझ्ने प्रयत्न गर्नुपर्छ । केही आवश्यक प्रश्नहरू आफैंलाई सोधौं:

**म कुन विषय पढ्दा रमाउछु र बुझ्न सजिलो लाग्छ ?**

म कस्ता काममा उत्साहपूर्वक संलग्न हुन्छु, विज्ञान प्रयोग, लेख लेख्ने, समूहमा छलफल गर्ने, व्यापारिक योजना बनाउने, सामाजिक काम गर्ने वा सिर्जनात्मक गतिविधिमा ?

मेरो दीर्घकालीन सपना के हो ? म डाक्टर, इन्जिनियर, उद्यमी, शिक्षक, कलाकार, समाजसेवी वा अरू केही बन्न चाहन्छु ? विषय छान्दा केवल एसईई नम्बरको आधारमा होइनह रुचि, दीर्घकालीन सम्भावना, र व्यक्तिगत लक्ष्य हेरेर निर्णय गर्नुपर्छ ।

**२. मुख्य शैक्षिक धारहरू: कुन-कुन छन् ?**

नेपालमा एसईई परीक्षापश्चात् कक्षा ११ र १२ मा अध्ययनका लागि विभिन्न शैक्षिक धारहरू उपलब्ध छन् । प्रत्येक धारले फरक प्रकृति, उद्देश्य र भविष्यका सम्भावनाहरू बोकेको हुन्छ । विद्यार्थीले आफ्नो रुचि, क्षमता र भविष्यको लक्ष्य अनुसार उपयुक्त धारको छनोट गर्न सक्दछन् ।

विज्ञान संकाय: यो धार मुख्यत: डाक्टर, इन्जिनियर, वैज्ञानिक, पाइलट, सूचनाप्रविधि विशेषज्ञ जस्ता पेशागत लक्ष्य राख्ने विद्यार्थीका लागि उपयुक्त मानिन्छ । यस धारमा सफल हुन विद्यार्थीमा गणित तथा विज्ञान विषयप्रति गहिरो रुचि, नियमित अध्ययन गर्ने बानी र गम्भीरताका साथ मिहिनेत गर्ने स्वभाव आवश्यक हुन्छ ।

व्यवस्थापन संकाय: व्यवस्थापन संकाय उद्यमशीलता, व्यवस्थापन, बैंकिङ तथा वित्त क्षेत्र, होटल व्यवस्थापन, मार्केटिङ र लेखाशास्त्र जस्ता क्षेत्रमा भविष्य खोज्ने विद्यार्थीका लागि उपयुक्त हुन्छ । यस धारमा सफलता हासिल गर्न व्यावहारिक ज्ञान, नेतृत्व क्षमता, समस्या समाधान गर्ने कौशल तथा समूहमा काम गर्न सक्ने क्षमता अपरिहार्य हुन्छ ।

मानविकी संकाय: मानविकी धार पत्रकारिता, समाजशास्त्र, शिक्षण, राजनीति, मनोविज्ञान तथा साहित्य लेखन जस्ता क्षेत्रमा रुचि राख्ने विद्यार्थीका लागि उपयुक्त हुन्छ । यसमा विश्लेषणात्मक सोच, भाषिक दक्षता, सामाजिक चेतना र सिर्जनशीलता महत्वपूर्ण गुणहरू हुन् ।

शिक्षा संकाय: शिक्षा धार विद्यालय स्तरमा शिक्षण पेशा अँगाल्ने सोच भएका विद्यार्थीका लागि लक्षित गरिएको हुन्छ । यसमा अध्ययन गर्ने विद्यार्थीमा शिक्षणमा रुचि, संयमशीलता तथा समाजप्रति योगदान दिने भावना हुनु आवश्यक हुन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा (जस्तै सीटीईभीटी कार्यक्रमहरू): यस धारमा सीएमए, अनमि, डिप्लोमा इन इन्जिनियरिङ, भेटनेरी, होटल म्यानेजमेन्ट आदि विभिन्न प्राविधिक तथा व्यावसायिक कार्यक्रमहरू समावेश छन् । यी कार्यक्रमहरूले छोटो समयमै रोजगारीमूलक सीप प्रदान गर्ने भएकाले विद्यार्थी सीधै रोजगार वा स्वरोजगारतर्फ अग्रसर हुन सक्छन् ।

अन्तर्राष्ट्रिय शैक्षिक कार्यक्रमहरू: एसईईपछि नेपाली विद्यार्थीले अध्ययन गर्न सक्ने विभिन्न अन्तर्राष्ट्रिय शैक्षिक कार्यक्रम पनि विकल्पका रूपमा छन् । प्रमुख कार्यक्रमहरू आईबी, ए लेवल वा एपीमध्ये पनि एक रोज्न सकिन्छ । यी कार्यक्रमले विद्यार्थीलाई विश्वविद्यालय प्रवेशमा प्रतिस्पर्धात्मक, सोचमूलक र अन्तर्राष्ट्रिय दृष्टिकोणयुक्त बनाउँछन् ।

**३. विद्यालय वा कलेज छनोट गर्दा ध्यान दिनुपर्ने कुरा**

कक्षा ११ अध्ययनका लागि विद्यालय चयन गर्नु जीवनको एक निर्णायक मोड हो । यस निर्णयमा निम्न पक्षहरूमा गहिरो ध्यान दिनु आवश्यक हुन्छ:

- विषय र संकायको उपलब्धता: आफ्नो रुचि र भविष्यको लक्ष्य अनुसार कुन संकाय विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा, कानून आदि उपलब्ध छन् भनेर हेरौं । रोजेको संकायभित्र विषय छनोटका विकल्प कति छन्, तिनीहरू कति गहिरा र व्यावहारिक छन् भन्ने कुराको मूल्यांकन गर्नु अत्यावश्यक हुन्छ ।
- शैक्षिक गुणस्तर र परीक्षाफल: कलेजको विगतको एसईई वा एनईबी बोर्ड परीक्षाको नतिजा कस्तो छ? नियमित रूपमा उत्कृष्ट नतिजा दिइरहेको छ कि छैन ? त्यहाँ कार्यरत शिक्षकहरूको योग्यता, अनुभव र समर्पण पनि हेर्नुपर्ने विषय हो ।
- पठनपाठन शैली र प्रविधिको प्रयोग: शिक्षण विधि आधुनिक, विद्यार्थीकेन्द्रित र प्रविधिमैत्री छ कि छैन ? स्मार्ट कक्षाकोठा, ई-लर्निङ प्लेटफर्म, प्रयोगात्मक प्रयोगशाला आदि प्रयोग हुन्छन् कि हुँदैनन् ? यी कुराले सिकाइलाई अझ प्रभावकारी बनाउँछन् ।
- शैक्षिक वातावरण र अनुशासन: विद्यालय/कलेजमा शैक्षिक अनुशासन कस्तो छ ? कक्षा सञ्चालन नियमित छ कि छैन ? विद्यार्थी र शिक्षक बीचको सम्बन्ध, परामर्शको पहुँच र भावनात्मक समर्थनको वातावरण पनि महत्वपूर्ण हुन्छ । साथैह सांस्कृतिक, साहित्यिक, खेलकुद तथा सामाजिक गतिविधिमा कति सक्रियता छ भन्ने पनि विचार गर्नुपर्ने पक्ष हो ।
- भौतिक पूर्वाधार: पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, सफा स्यानिटेशन, सुरक्षित क्यान्टिन र बस सुविधा जस्ता आधार भूत पूर्वाधार कत्तिको सुदृढ छन् भन्ने बुझ्न जरूरी छ । वातावरण स्वच्छ, सुरक्षित र सिकाइमैत्री हुनु पनि महत्वपूर्ण हो ।
- शुल्क संरचना र छात्रवृत्तिको व्यवस्था: कलेजको शुल्क पारदर्शी छ कि छैन ? अतिरिक्त शुल्कको भार त छैन ? आर्थिक रूपमा कमजोर तथा मेधावी विद्यार्थीलाई छात्रवृत्ति वा शुल्क छुटको व्यवस्था छ कि छैन भन्ने कुरा पनि छानबिन गर्नु जरूरी हुन्छ ।
- परामर्श तथा काउन्सिलिङ सेवा: विद्यार्थीलाई शैक्षिक, मानसिक तथा करिअर सम्बन्धी परामर्श दिने सेवा कत्तिको प्रभावकारी छ ? कलेजले विद्यार्थीलाई भविष्यको योजना बनाउन सहयोग पुऱ्याउने वातावरण तयार गरेको छ कि छैन ?
- सह-पाठ्यक्रम गतिविधि र व्यक्तित्व विकास: प्रस्तुतीकरण, नेतृत्व विकास, अनुसन्धान, बहस, प्रतियोगिता आदि कार्यक्रममा सहभागिताको लागि कत्तिको प्रोत्साहन हुन्छ ? केवल किताबी ज्ञान होइन, समग्र व्यक्तित्व विकासमा विद्यालय/कलेजको ध्यान कत्तिको केन्द्रित छ ?
- स्थान र पहुँच: कलेजको स्थान विद्यार्थीको घरबाट सजिलै पुग्न मिल्ने छ कि छैन ? सार्वजनिक वा निजी यातायात सुविधा सहज छ कि छैन ? दैनिक आवागमनको झन्झटले पढाइमा असर नपरोस् ।
- विश्वसनीयता र सामाजिक प्रतिष्ठा: विद्यालय वा कलेज कहिले स्थापना भयो ? नेतृत्वमा संलग्न व्यक्तिहरूको शैक्षिक र व्यवस्थापकीय अनुभव कस्तो छ ? स्थानीय समुदाय र पुराना विद्यार्थी बीचको प्रतिष्ठा के कस्तो छ ? यी सबैले संस्थाको विश्वसनीयता मापन गर्न मद्दत गर्छ ।

**४. भ्रममा नपरौं**

नाम चलेका विद्यालय नै राम्रो हुन्छ भन्ने सोच सधैं सही हुँदैन । विद्यालय वा कलेजको नामभन्दा पनि त्यहाँको शैक्षिक गुणस्तर, सिकाइको वातावरण र विद्यार्थीको समग्र विकासमा केन्द्रित कार्यक्रमहरू महत्वपूर्ण हुन्छन् । नाम चलेको संस्थामा मात्र भविष्य सुरक्षित हुन्छ भन्ने सोचबाट हामी बाहिरिन आवश्यक छ । सस्तो कलेज भनेको कमस्तरको हुन्छ भन्ने भ्रम त्याग्नुपर्छ । शिक्षाको गुणस्तर कलेजको शुल्कभन्दा बढी सिकाइ पद्धति, शिक्षकको दक्षता र सिक्ने वातावरणमा निर्भर गर्छ । त्यसैले सस्तो शुल्क भएको संस्थालाई हेय दृष्टिले नहेरी, वस्तुनिष्ठ मूल्यांकन गर्नु बुद्धिमानी हुन्छ ।

सबै विद्यार्थीले विज्ञान पढ्नैपर्छ भन्ने सोच पूर्णत: गलत हो । सबैको रुचि, क्षमता र भविष्यको लक्ष्य फरक हुन्छ । विज्ञान पढ्नु सफलताको एउटै बाटो होइन । मानविकी, व्यवस्थापन, शिक्षा वा प्राविधिक धारहरूमा पनि उज्यालो भविष्य निर्माण गर्न सकिन्छ । विदेश जान पाइन्छ भन्ने लोभमा विषय वा कलेज नछानौं । भविष्यमा विदेश जाने सम्भावनाको आशामा रुचि र क्षमता विपरीत विषय वा कलेज छान्नु दीर्घकालीन रूपमा हानिकारक हुन सक्छ । निर्णय सुदृढ, यथार्थपरक र दीर्घ दृष्टियुक्त हुनुपर्छ ।

**५. अभिभावकको भूमिका**

एसईईपछिको विषय र विद्यालय छनोटमा अभिभावकहरूको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । यस चरणमा उनीहरूले आफ्नो सन्तानको भावी यात्रामा मार्गदर्शक, सल्लाहकार र आत्मीय साथी बन्न आवश्यक छ । आफ्ना सन्तानको रुचि र क्षमता बुझ्ने प्रयास गर्नुपर्छ । बालबालिकाका इच्छा, सपना र स्वाभाविक क्षमताहरूलाई ध्यानपूर्वक बुझेर मात्र निर्णयमा साथ दिनु जरूरी हुन्छ । अभिभावकले आफ्नो अनुभवका आधारमा सुझाव दिन सक्ने भए तापनि अन्तिम निर्णय सन्तानको रुचिको आधारमा हुनुपर्छ ।

तिमीले यो पढ्नैपर्छ भन्ने आग्रहभन्दा हामीसँगै बसेर के पढ्दा तिमी खुसी र सफल हुन्छौ भनेर छलफल गरौं भन्ने शैलीले सम्बन्ध पनि बलियो बनाउँछ र निर्णय पनि सही हुन्छ । मेरो सपना उसले पूरा गरिदेओस् भन्ने अपेक्षा गर्नुको सट्टा, उसले आफ्नो जीवनमा सन्तुलित सफलता पाओस् भन्ने सोच राख्नुपर्छ । सन्तानलाई आफ्नो व्यक्तित्व अनुसार बढ्न दिने अभिभावकले दीर्घकालीन रूपमा सफल, सन्तुलित र खुसी नागरिक निर्माणमा योगदान दिन्छन् ।

याद गरौं, एसईईपछि कस्तो बाटो लिने भन्ने निर्णय छोटो होइन, दीर्घकालीन प्रभाव पार्ने विषय हो । त्यसैले हल्ला, भ्रम, सामाजिक प्रतिस्पर्धा वा फेसनको आधारमा होइन, सोच-विचार, संवाद र सल्लाहको आधारमा निर्णय गर्नुपर्छ । सही विषय र सही स्थानको चयनले विद्यार्थीको भविष्य निर्माणमा गम्भीर भूमिका खेल्दछ ।

**निष्कर्ष**

एसईईपछि विषय र विद्यालय चयन गर्ने निर्णय विद्यार्थीको जीवनमा आउने अत्यन्त संवेदनशील मोड हो । यो केवल प्लस टु तहको पढाइको सुरुआत मात्र होइन, दीर्घकालीन जीवनयात्राको दिशा निर्धारण गर्ने आधार पनि हो । त्यसैलेह हतार, भ्रम, सामाजिक दबाव वा फेसनको प्रवृत्तिले होइन, गहिरो सोच-विचार, आत्मचिन्तन र पारिवारिक संवादको आधारमा यो निर्णय लिनु अत्यावश्यक हुन्छ ।

विद्यार्थीले सबैभन्दा पहिला आफ्ना रुचि, क्षमता र दीर्घकालीन लक्ष्यहरू स्पष्ट रूपमा पहिचान गर्नुपर्ने आवश्यकता छ । विषय छनोट गर्दा बजारको हल्ला वा साथीसङ्गीको निर्णयको सिको गरेर होइन, उपलब्ध धारहरूको यथार्थ मूल्यांकन गरेर अघि बढ्नुपर्छ । विद्यालय वा कलेज चयन गर्दा शैक्षिक गुणस्तर, सकारात्मक शैक्षिक वातावरण, प्रेरक शिक्षक समूह तथा सह-शैक्षिक गतिविधिको समावेशिता जस्ता पक्षहरूलाई प्राथमिकतामा राखेर निर्णय लिनुपर्छ ।

साथै, केही आम भ्रान्तिहरूबाट पनि सचेत रहन जरूरी छ, जस्तै सस्तो कलेज कमस्तरको हुन्छ, सबै जनाले विज्ञान पढ्नुपर्छ वा विदेश जाने सपना बोकेकै आधारमा धार छान्नुपर्छ भन्ने सोच गलत दिशातर्फ डोऱ्याउन सक्छ । यस्तो मोडमा अभिभावकको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । सन्तानमाथि अनावश्यक दबाब नदिई, उनीहरूको रुचि, स्वभाव र भविष्यप्रतिको दृष्टिकोणलाई सम्मान गर्दै सहकार्यको भावना राखेर निर्णय गर्नु उपयुक्त हुन्छ ।

अन्तत:, सही समयमा लिइएको विवेकपूर्ण निर्णयले विद्यार्थीको आत्मविश्वास बढाउँछ, सफलताको मार्गप्रशस्त गर्छ, सन्तुलित जीवनका ढोका खोल्न सक्ने सम्भावना राख्दछ । त्यसैले, यो निर्णयलाई गम्भीरता, स्पष्ट जानकारी र दूरदर्शी सोचका साथ लिनु आजको आवश्यकता हो ।

*(साभार: अनलाइनखबर)*

# गलत कदम र अबको बाटो

✍ केशव अधिकारी

प्रधानमन्त्री केपी शर्मा ओलीले पटक-पटक गलत कदम चालेर संसारमा नेपालको बदनामी कमाउने काम गरेका छन् मात्र होइन कि अझै पनि उनी यस्तै हर्कतमा लागेका देखिन्छन् । एउटा सार्वभौमसत्ता सम्पन्न देशको कार्यकारी प्रधानमन्त्रीजस्तो सम्मानित कुर्सीमा विराजमान हुने व्यक्तिले आफ्नै मातहतका निरीह कर्मचारीमाथि विनाकुनै दोष आफ्नो स्वार्थ पूर्तिका लागि डण्डा चलाउनु प्रधानमन्त्री स्वयंका लागि नसुहाउने हर्कत हो भन्दा फरक नपर्ला । आखिर आफ्नै सालो हितेन्द्रदेव पनि निरीह भएर के गरौंको अवस्थामा पुगेको कुरा उनको बोलाइको लवजभित्र लुकेको पीडाको बाछिटाले देखाउँछ । उनले उक्त पद सहजरुपमा नपाएपछि नसम्हालेको भए उपयुक्त हुने थियो ।

हाल उनी त्यही दोधारे बर्बराहटको सिकार बन्न पुगेका छन् । यो विषय केवल नेपाल र नेपाली जनतामा मात्र सीमित भएको नभएर अन्तर्राष्ट्रिय जगतले समेत गौर गरी हेरेको हुनाले विदेशमा पनि हामीले लज्जा महसुस गर्नुपर्ने अवस्था आएको छ । होला कुलमानको तुलनामा हितेन्द्रले सम्बन्धित विषयमा अलि धेरै अध्ययन र अनुसन्धान गरेका होलान् तर कुलमान घिसिङको तुलनामा हितेन्द्रले जश पाउने काम गर्न सक्ने देखिँदैन । अर्को पक्षबाट हेर्दा कुलमान जति मात्रामा स्वतन्त्र भएर काम गर्न पाउँथे हितेन्द्रले त्यति मात्रमा काम गर्न पाउँदैनन् ।

उनले दुई वा तीनतिरको प्रत्यक्ष र परोक्ष दबाबमा रहेर काम गर्नुपर्छ । आफैं स्वतन्त्र भएर बलियो इच्छाशक्तिले गरेको काम अधिक मात्रमा सफल हुन्छ भने खराब मानसिकताका साथै कसैको दबाबमा गरिएको काम सफल नहुन सक्छ । भोलि गएर नैतिकताको धरातलको पनि नापजाँचको कुरो आउन सक्छ, त्यस बेला कुलमान र हितेन्द्रको नैतिकताको मापन गर्नेले कसलाई अधिक प्राथमिकता देलान् त ? भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । हुन त जीउ छाडा मान्छेसँग कसैको केही जोर चल्दैन, तैपनि नैतिकताको सवालमा विश्लेषण गर्दा भने हितेन्द्रभन्दा आम नेपाली जनता मात्र नभएर अन्तर्राष्ट्रसमेतको मूल्यांकनमा कुलमान अगाडि पर्दछन् ।

प्रधानमन्त्री ओलीको दोस्रो गलत कदम भनेको गफले आकाश-पाताल छोएर ढाक्नु तर काम गर्न नसक्नु पनि कमजोर पक्ष हो । हुन त यो उनको व्यक्ति विशेषको गुण भए पनि यत्रो देश र जनताको भाग्य र भविष्यको सवालसँग जोडिएका विषयलाई बेवास्ता गरेर स्वार्थमा डुबी अगाडि बढ्न खोज्नु ओलीको सबैभन्दा खराब प्रवृत्ति हो । उनले चियागफमा भनेजति योजना सम्पन्न हुन सकेका भए अहिले हाम्रो देशका केही भागलगायत केन्द्रको राजधानी काठमाडौंसमेत रेलमार्गसँग जोडिने थियो । प्रधानमन्त्रीजस्तो व्यक्तिले बोलेको विषयवस्तुको समेत कार्यसम्पादन हुँदैन र उनको बचन खेर जान्छ भने प्रतिज्ञा गर्नुको केही तुक रहँदैन । प्रम ओली कहिल्यै पनि सर्वजनहितायको पक्षमा उभिन सक्ने अवस्थामा पुगेनन् । केवल सत्ताको स्वादमा डुबेर स्वार्थका लागि काम गर्ने मौकाको ताकमा लागेका देखिन्छन् । हालको पछिल्लो कालखण्डमा आएर ओली अझै धेरै आक्रामक बन्दै आएका पाइन्छन् ।

प्रम ओलीको अर्को गलत कदम भनेको जेठ १५ गते राजावादीहरूले गर्ने भनेको आन्दोलनको अघिल्लो दिन राजावादीहरूलाई रिङरोडभित्र पस्नै नदिने भनेर मौखिक कर्फ्यु लगाउनुका साथै राजावादीको तुलनामा आफ्नो राजनीतिक दलको शक्ति प्रदर्शन सशक्त बन्ने कुराको दाबी गरेका भए पनि एमालेको शक्ति प्रदर्शनको दौडानमा सहभागी भएका जनताका तुलनामा राजावादीका मान्छेहरू अधिक रहेको कुरा सर्वविदित नै भइसकेको थियो । जसरी कुनै एउटा घरको अभिभावकले आफ्नो परिवारका सबै सदस्यलाई समान व्यवहार नगरेर कसैलाई काखा त कसैलाई पाखा बनाउँछ भने पाखा पर्ने सदस्यहरू असन्तुष्ट हुनु स्वाभाविक नै हो ।

असन्तुष्ट रहने परिवारका सदस्यले असन्तुष्ट बनाउने जोसुकैसँग पनि आफ्ना असन्तुष्टि अभिव्यक्त गर्दा उक्त सदस्यदेखि रिसाएर गलत हर्कत गरिनु एकजना समझदार अभिभावकलाई सुहाउने विषय नै होइन । तर हाम्रा प्रम ओलीले आफूले गरेका हरेक हर्कतका विरुद्धमा बोल्दै गर्दा आफू सच्चिने त नामोनिशान नै छैन, जसले बोल्छ उसैलाई पेलेर वा जस्ता हर्कत देखाएर तहमा ल्याउन सकिन्छ भन्ने गलत सोचाइ र त्यस्तै गलत कदम उठाउनु अनि बदलाको भावनाले विरोधीलाई लखेट्ने काम गर्नु कुनै पनि मानिसको बुद्धिमानी व्यवहार वा कर्म हुँदै होइन । आफ्ना विरोधीलाई दबाउँदै जाँदा पहिलो विरोधी ढलेपछि पनि पुन: उठेर आउँछ र विरोध गर्न थाल्छ भन्ने कुरा हाम्रा प्रमलाई थाहै नभएको हो कि जस्तो लाग्छ । जनताको आवाजलाई दबाएर आफ्ना झोले कार्यकर्ता र भ्रष्टाचारीतन्त्रलाई काखी च्यापी काम गर्ने तरिकाको नजिर गणतान्त्रिक शासन व्यवस्थाका शासक केपी शर्मा ओलीले बसालेका हुन् भन्दा फरक पर्दैन ।

भारतले नेपालमा नाकाबन्दी लगाएर हैरान पारेको कालखण्डका नेपालका शासक पनि केपी ओली नै थिए । त्यस बेलामा उनले आम नेपाली जनताले अब भारतसँग भर परेर हुँदैन बरु हामी आफैंले अनेक विकल्प खोजेर सम्भव भएसम्मका कुरामा आत्मनिर्भर हुनुपर्छ भनेर पाठ सिकाएका थिए । नेपाली जनतालाई नाकाबन्दीले अप्ठ्यारो पारेका बेलामा स्वाभिमानको पाठ सिकाउने र हौसला बढाउन खोज्ने ओलीको मानसिकता भने कालो अँध्यारोले ढाकिएको रहेछ भन्ने कुरा त्यसपछिका उनका विभिन्न हर्कतले देखाउँदै लगेसँगै आम जनताको उनीप्रतिको विश्वास र भरोसा टुट्दै जान थाल्यो । जनताको उनीप्रतिको आशा र भरोसा जति मात्रामा टुट्दै जान थाल्दै छ सोही मात्रमा उनी भ्रष्टाचारको आरोप लागेका प्रतिनिधिको सहयोगमा आफूलाई निर्दोष र जनप्रिय बनाउने उद्योगमा लागेका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# भाँचिएको पुल निर्माणमा ढिलाई भएकोमा नारायणी यातायातको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ महेन्द्रराजमार्ग अन्तर्गत पूर्वी नवलपरासीको सबैभन्दा लामो दुम्किबासको विनयी खोलामा पक्की पुल ढलान ढिलो भएको प्रति यातायात व्यवसायीले ध्यानाकर्षण जनाएका छन् ।

पुल भाँचिएपछि हिउँदमा खोलाबाट सवारी चलाइएको भएपनि वर्षा लागेसँगै समस्या बढेको छ । यही राजमार्ग अवरुद्ध भएको कारण अहिले भैरहवा नाकाबाट भित्रने सामग्री ढुवानीमा समस्या भएको छ । यातायात व्यवसायीको मालवाहक गाडीहरु, यात्रुवाहक बस ग्यारेजमा थन्किएपछि रोजगारीमै समस्या भएको छ । सर्वसाधारणको समस्याप्रति गम्भिर हुन सम्बद्ध निकायलाई नारायणी यातायात व्यवसायी कम्पनी प्रालिका अध्यक्ष गोकर्ण पराजुलीले अनुरोध गरे । 'ऋणमा लिइएका सवारीसाधन राजमार्गको कारण ग्यारेजमा थन्किएपछि व्यवसायी झनै ऋणमा डुब्दै जान्छन्' अध्यक्ष पराजुलीले भने 'पहुँच हुनेहरु माथिमाथि उड्छन्, सर्वसाधारणको जीवनको कष्ट कसले बुझ्ने ?'



राजमार्ग बन्दको कारण यातायात मजदुरहरु आफ्नो दैनिकी गुजार्नै समस्या हुने अवस्थामा पुगेको गुनासो आउन थालेको अध्यक्ष पराजुलीले बताए । पूर्वपश्चिम राजमार्गअन्तर्गत् पूर्वी नवलपरासीमा पर्ने दुम्कीबासको पुल भाँचिएको ६ महिना पुग्न लाग्दा पनि सरकारले विकल्प नदिँदा गाडीचालक र यात्रुले सास्ती खेप्नुपरेको छ । गएको पुस २६ गते विनयी खोलाको पुल भाँचिएको थियो ।

पुल भाँएिपछि बनाएको डाइभर्सन दर्जन पटक बगिसकेको छ । डाइभर्सन बगेपछि आवातजावात ठप्प हुने र गाडीको लामो लाइन लाग्ने गरेको छ । यसैमा सास्ति भोग्दै आएका सर्वसाधारणले पछिल्लो साताबाट राजमार्ग नै बन्द भएपछि थप मार खेप्नुपरेको हो । यो राजमार्गमा दैनिक झन्डै १८ हजार गाडी चल्ने गरेको छ । भैरहवा-चितवन-हेटौंडा रुटमा ट्रक चलाउँने केशव श्रेष्ठले पछिल्लो साता घरैमा बस्नु पर्दा आर्थिक समस्या भएको बताए । 'बाटो नै बन्द छ, काम गर्नै पाएको छैन, आर्थिक समस्याको कुरा कसलाई सुनाउनु' उनले भने 'एकपटक त गाडी साहुलाई गुनासो गरेर केही पैसा अग्रीम लिएँ, कतिपटक यसरी चलाउनु ?'

भैरहवाबाट काठमाडौं पुग्न एकसाता लागेपछि अहिले आफू काठमाडौमा थन्किनु परेको अर्का ट्रकचालक विबेक कठायतले बताए । 'एकै ठाउँमा ४ दिन त बर्दघाटमै रोकिएँ, ट्रकमा आलु र प्याज बोकेको थिएँ, आधा त कुहियो होला' कठायतले भने 'ट्रकमा भएको आलु र प्याज कुहिएर गन्हाउँदा गाडीमै सुत्नसमेत समस्या भएको थियो ।' अहिले काठमाडौमा अल्झिनु पर्दा आर्थिक समस्या भएको उनले बताए । 'प्रकृतिकसँग त कस्ले सक्छ र ? तर, मौसमी पूर्वानुमान त थियो नि, सोही अनुसारको रफ्तारमा काम नहुँदा यो सास्तीको शिकार जनता हुनु परेको हो' नेपाल यातायात राष्ट्रिय महासंघका केन्द्रीय सदस्य समेत रहेका पराजुलीले बताए ।

विनय खोलामा ५२ वर्षअघि निर्माण भएको फलामे पुल ६ महिनाअघि भाँच्चिएका कारण त्यहाँ डाइभर्सन सडकबाट आउजाउ भइरहेको थियो । गतसाता यात्रु बोकेको बस डाइभर्सनबाट बगाएपछि अहिले यो राजमार्गबाट साना सवारीमात्रै सुचारु छन् । मालवाहक ट्रक र यात्रुबाहक बस पूर्णरुपमा बन्द रहेको पूर्वी नवलपरासी जिल्लाका प्रहरीप्रमुख प्रहरीउपरीक्षक यादव ढकालले बताए ।

**आगामी शनिबारबाट पुल सञ्चालनमा ल्याइनेछ : प्रवक्ता खनाल**

विनयी खोलामा निर्माण भएको नयाँ पक्की पुल आउँदो शनिबारबाट सञ्चालनमा ल्याउने उद्देश्यका साथ आफूहरुले काम गरि रहेको सडक विभागअन्तरगत बुटवल नारायणगढ सडक आयोजना, पूर्वीखण्डका सूचना अधिकारी तथा प्रवक्ता इन्जिनियर शिव खनालले बताए ।

'बाटोको ढलान सकिएको छ, अब पुलको मात्रै भाग बाँकी छ' खनालले भने 'आगामी ५ तारिख (२१ असार) बाट पुल सञ्चालनमा ल्याउने जमर्को हाम्रो तर्फबाट भएको छ ।' यद्यपी मौसमले साथ दिएन भने केही ढिलाइ हुनसक्ने उनले बताए । चिनियाँ निर्माण कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसन, परामर्शदाता तथा आयोजनाबीचको छलफलअनुसार शनिबारबाट पुलको प्रयोगमा खुला गरिने तयारी भएको उनले बताए ।

गत २६ पुसमा माल बाहक ट्रक ठोक्कीदा पुल भाँचिएको थियो । त्यसपछि अस्थायी डाइभर्सनमार्फत् यातायात सञ्चालन हुँदै आएकोमा पछिल्लो साता पूर्णरुपमा राजमार्ग ठप्प छ । चिनियाँ निर्माण कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसन र परामर्शदाता कम्पनीलाई अबको दुई महिना दाउन्ने सडकमा केन्द्रित भएर काम गर्न निर्देशन दिइएको बताइएको छ । चिनियाँपक्ष पनि चाँडै काम गर्न र परिणाम देखाउनेतर्फ सकारात्मक देखिएको दावि सरकारी अधिकारीहरुले गरेका छन् ।

# जलवायु परिवर्तनको असरबारे सञ्चारकर्मीसँग अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ जलवायु परिवर्तन र यसको असरबारे बागमती प्रदेशका सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम हेटौंडामा भएको छ ।

प्रदेशको वन तथा वातावरण मन्त्रालयको आयोजनामा गरिएको कार्यक्रमको उद्घाटन गर्दै वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले जलवायु परिवर्तनको मुख्यकारक मानव भएको बताएका छन् । मन्त्री सिलवालले जलवायु परिवर्तनको मुख्यकारक मानव नै भएको भन्दै यसको संरक्षण गर्ने जिम्मा पनि मानवकै भएको बताए । 'मानवले नै पृथ्वी नाश गर्नेतिर लागेको छ । यसको संरक्षण गर्ने जिम्मा पनि हामी मानव कै हो,' मन्त्री सिलवाले भने, 'मानवले नै मानव बस्नलायक पृथ्वी बनाउनुपर्दछ ।'

मन्त्री सिलवालले जलवायु परिवर्तनमा न्युनीकरण गर्न सञ्चारकर्मीलाई जिम्मेवार भएर काम गर्न आग्रह गरे । वन तथा वातावरण मन्त्रालयले प्लाष्टिकरहित जिल्ला अभियान सुरु गर्नुका साथै जलवायु परिवर्तनलाई रोक्न विभिन्न योजना बनाएर काम अगाडि बढाइएको उनले बताए । कार्यक्रममा जलवायु परिवर्तनका सवाल र यिनको संवोधनका लागि नेपालको प्रयासकाबारेमा मन्त्रालयका सचिव केदार बरालले प्रस्तुतीकरण गरेका थिए । प्रस्तुतीकरणमा सचिव बरालले नेपालले सन २०३० सम्ममा ४५ प्रतिशत जंगलको संरक्षण गर्ने प्रतिबद्दता गरेको जनाइएको छ ।

प्रदेशतर्फ वातावरण संरक्षण ऐन २०७७ लागु भएको र बागमती प्रदेश सरकारले यस आर्थिक वर्षका लागि जलवायु परिवर्तन न्युनीकरण गर्न ३ अर्ब ९९ करोड बजेट विनियोजन गरेको जानकारी दिए । उनले बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले एक जिल्ला प्लाष्टिकमुक्त एक वडा अभियान प्रदेश सरकारले सुरुगर्ने नीति तथा योजनामा समावेश गरेको बताए । कार्यक्रममा नेपालमा जलवायु परिवर्तनले पारेका प्रभाव र बागमती प्रदेशमा जलवायुजन्य प्रकोपको अवस्था, जोखिम, चुनौतीको सम्बन्धमा वनअधिकृत राधिका शर्माले प्रस्तुतीकरण दिएकी थिइन् ।

उनले हरितगृह ग्याँसको उत्सर्जन विश्वमा सन १९७४ देखि सुरु भएको र जलवायु परिवर्तन मानवीय कार्यबाट सिर्जित समस्या भएको दाबी गरिन् । सन १९७१ देखि २०१४ को तथ्यांकले विश्वमा तापक्रम बृद्धि भइरहेको अवस्था रहेको भन्दै अधिकतम तापक्रम प्रतिवर्ष सबैभन्दा बढी रसुवामा ० दशमलब ०६९ डिग्रिसेल्सियस बढेको बताइन् । त्यसैगरी न्युनतम तापक्रम प्रतिवर्ष सबैभन्दा बढी चितवनमा ० दशमलब ०२५ डिग्रिसेल्सियस बढ्नुका साथै दोलखा र काठमाडौंमा प्रतिवर्ष ०.००२ डिग्रिसेल्सियसले घट्दो प्रवृत्ति देखिएको छ ।

बागमती प्रदेशमा जलवायु न्युनीकरण सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ देखि ०८५/८६ सुरु भएको र वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०७७ नीति तथा कार्यक्रम राखेको जनाइएको छ । कार्यक्रममा वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखा प्रमुख शिव सापकोटाले जलवायु वित्तका सम्वन्धमा प्रस्तुतिकरण दिएका थिए । बागमती प्रदेशमा ६ वटा हरितगृह ग्याँस रहनुका साथै पेरिस सम्झौता २०१५ अन्तर्गत विश्व समुदायले सन २१०० भित्रमा १.५ डिग्रि तापक्रमलाई न्युनीकरण गर्ने जनाए । जलवायु फन्डबाट नेपालमा २७ वटा कार्यक्रम संचालन भइरहेको उनले जानकारी दिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारु मगर र जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले मन्तब्य व्यक्त गरेका थिए ।


### बागमती प्रदेश सरकारको बजेटप्रति पूर्वमुख्यमन्त्री पौडेल असन्तुष्ट

# बजेट नेताको गुटगत सन्तुलनमा आधारित भयो: पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ बजेट माथि असन्तुष्टि व्यक्त गरेका छन् ।

बजेटले विकासको आशा भन्दा बढी निराशा र नकारात्मकता फैलाएको उनले टिप्पणी गरेका छन् । 'यो बजेट नीति, दूरदृष्टि र समावेशी विकासको आधारमा होइन, 'भागवण्डा' शैलीमा तयार पारिएको छ' उनले भने । पौडेलले बजेटमा प्रदेशवासीको वास्तविक आवश्यकता र दीर्घकालीन योजनालाई पन्छाएर नेताको सिफारिस, पहुँच र दबाबका आधारमा कार्यक्रम समावेश गरिएको बताए । बजेट नीतिमा नभई नेताको गुटगत सन्तुलनमा आधारित भएको उनको बुझाई छ ।



पूर्वमुख्यमन्त्री पौडेलले समान वितरण र समावेशी विकासको सिद्धान्तमाथि बजेटले प्रहार गरेको आरोप लगाएका छन् । बजेटले पहुँच भएका व्यक्ति तथा समूहलाई अघोषित प्राथमिकता दिएको र दुर्गम तथा सीमान्तकृत क्षेत्र बञ्चित पारिएको उल्लेख गरेका छन् । पूर्वमुख्यमन्त्री पौडेलले बिचौलियाको चंगुलमा बजेट कार्यान्वयन हुने खतरा रहेको भन्दै चिन्ता व्यक्त गरेका छन् । 'कागजी योजना बनाउने, अनुमानमा खर्च देखाउने र काम नगर्ने प्रवृत्ति दोहोरिनेछ,' उनले बताए ।

पौडेलले बजेटले दीर्घकालीन पूर्वाधार विकास, मानवस्रोत सुदृढीकरण, कृषिउत्पादन र रोजगारी सिर्जनाजस्ता मूल विषयलाई बेवास्ता गरिएको बताए । भविष्यको विकासको जग कमजोर पार्ने उद्देश्यबाट प्रेरित यो बजेट संघीयताको मर्मबिपरित एवम् प्रदेशप्रतिको बितृष्णालाई मलजल गर्ने खालको भएको उनको भनाई छ । पौडेलले बजेट र प्रदेश सरकारले अघि सारेको नीति तथा कार्यक्रमबीच तालमे नरहेको र गम्भीर असम्बन्ध एवम् विसंगति र हेको बताए । उनले बजेटलाई विकासभन्दा दलगत राजनीति र आगामी निर्वाचनलक्षित स्वार्थप्रेरित दस्तावेजको रुपमा प्रस्तुत गरिएको टिप्पणी गरे ।

बजेटप्रति सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसभित्र पनि असन्तुष्टि रहेको छ । मुख्यमन्त्री बहादुरसिंह लामा र आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले एकलौटी ढंगले बजेट ल्याएको कांग्रेस सांसद्हरुकै आरोप छ । आगामी आर्थिक वर्ष २०८२/८३ को लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएको थियो । बजेट वास्तबिकता भन्दा बिचौलियामैत्री भएको सबत्र चर्चा भइरहेको छ ।

# स्थापना दिवस तथा रजतजयन्ती मनाउँदै टोलविकास संस्था

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ हेटौंडा नगरमा टोल विकास संस्था स्थापना भएको २५ औं स्थापना दिवस तथा रजतजयन्ती समारोह सम्पन्न भएको छ ।

टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुखआतिथ्यमा कार्यक्रम भएको हो । नगरप्रमुख लामाले सशक्त टोल विकास संस्था नै समुन्नत नगरको आधार भएको बताइन् । टोलस्तरमा भएको सहभागिता, सचेतना र सेवाभावनाले नै समावेशी र सक्षम स्थानीय शासन सम्भव बनाउने उनले बताइन् । टोल विकास संस्थाले हालसम्म नगरको सामाजिक परिवर्तन र रुपान्तरणमा खेलेको भूमिकाको प्रशंसा गरिन् ।




नगरसमन्वय समितिका अध्यक्ष अधिकारीले समाजरुपान्तरणको आधार, सहकार्य र समर्पणको प्रतीक टोल विकास संस्थाको अभियानलाई अझै मजबुत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे । आगामी दिनमा टोल विकास संस्थाको अभियानलाई अझ सशक्त बनाउदैं लैजाने साथैं सामाजिक कार्यमा सहयोग पुर्‍याउने अपेक्षा सहित संस्थापक अध्यक्ष स्वर्गीय रमेशरत्न स्थापितको नाममा १ लाख रुपैयाँको रमेशरत्न स्मृति अक्षयकोष घोषणा गरिएको छ ।

समितिका संस्थापक अध्यक्ष स्वर्गीय स्थापितको स्मृतिमा स्थापना गरिएको रमेशरत्न स्मृति सम्मान-२०८२ यस वर्ष चन्द्रशेखर ढुंगाना (हेटौंडा-२) लाई प्रदान गरिएको छ । सामाजिक नेतृत्व, महिला सशक्तिकरण, सरसफाइ, सहकार्य र समुदाय विकासका क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने टोल विकास संस्था नगरसमन्वय समितिका संस्थापक हेटौंडा-१ का उत्तमप्रसाद पौडेल र वेगम बराल, हेटौंडा-२ की सानु श्रेष्ठ, हेटौंडा-४ की तीर्थदेवी सिलवाल र लक्ष्मी पुलामी, हेटौंडा-५ का ज्ञानबहादुर थापा र उमा राई, हेटौंडा-६ का श्यामप्रसाद भट्टराई, हेटौंडा-७ का राजु वाईबा, हेटौंडा-८ का हरि कृष्ण श्रेष्ठ, हेटौंडा-९ का मुकुन्दप्रसाद अधिकारी, हेटौंडा-१० की शान्ता गजुरेल र हेटौंडा-११ का पूर्णभक्त लामालाई रजत जयन्ती विशेष सम्मान प्रदान गरिएको थियो ।

सामाजिक सहभागिता, वातावरणीय सचेतना, आर्थिक सक्रियता, महिला तथा युवा सशक्तिकरण जस्ता मापदण्डका आधारमा उत्कृष्ट ठहरिएका संस्थालाई प्रमाणपत्र, दोसल्ला र नगद पुरस्कार सहित सम्मान गरिएको थियो । समारोहकै अवसरमा टोल विकास अभियानका विविध जानकारी, कार्यविधि, लेख, अनुभव तथा विधान समेटिएको टोल विकास स्मारिका-२०८२ विमोचन गरिएको छ ।

कार्यक्रममा वडा नं. ४ का वडाअध्यक्ष नवीन सिग्देल, वडा नं. ११ का वडाअध्यक्ष जुना दाहाल, सामाजिक विकास महाशाखाप्रमुख डा. भीमप्रसाद तिमल्सिना, संस्थाका सल्लाहकार डा.बलराम भट्ट, प्रताप विष्ट, ज्ञानबहादुर थापा, राजु अधिकारी, जगन्नाथ सापकोटालगायत, मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारी, समाजसेवी, टोल विकास संस्थाका प्रतिनिधि, अग्रज अभियन्ताको सहभागिता रहेको थियो ।

# 'माग्ने राजा' टिजर : पैसाको तुजुकमा राजा ठान्ने पात्रको कथा

काठमाडौं/हरितालिका तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'माग्ने राजा'को टिजर सार्वजनिक गरिएको छ । हास्यरसले भरिएको २ मिनेट लामो टिजरमा कलाकार केदार घिमिरे 'माग्ने बुढा'को शान-सौकत र ऐस-आरामयुक्त जिन्दगी देखाइएको छ । उनको पात्र पैसाको तुजुकमा आफूलाई राजा ठान्ने गर्छ । टिजरमा उनी दुई अलग गेटअपमा प्रस्तुत छन् ।

टिजरको सुरुवात केदार सेतो घोडा चढेर गाउँलेलाई पैसा बाँडेको दृश्यबाट हुन्छ । त्यसपछि उनी श्रीपेच खोज्न काठमाडौं गएको र श्रीपेच लगाएर बाइक चलाएको दृश्य देख्न सकिन्छ । उनी पैसामाथि सुतेकोदेखि युवतीहरुसँग मस्ती गरेको दृश्यसम्म टिजरमा छन् । एउटा सामान्य व्यक्तिले मेहनत बिना नै अकूत पैसा पाएपछि गर्ने ऐस-आरामको कथामा फिल्म बनेको टिजरबाट बुझ्न सकिन्छ ।

केदार पूरापूर हाबी रहेको टिजरमा विल्सन विक्रम राई र वर्षा सिवाकोटीलाई पनि स्थान दिइएको छ । तर, २ मिनेटको टिजरमा वर्षा १० सेकेण्डमा सीमित छिन् । यसले फिल्ममा उनको भूमिकालाई लिएर संशय उब्जाउँछ । टिजरको सबैभन्दा बलियो पक्ष संवाद देखिन्छ । केदारले बोल्ने संवादहरु रमाइला र व्यंग्यात्मक छन् । टिजरले दर्शकमा फिल्मप्रति उत्सुकता बढाउने निश्चित छ ।

ऋषि लामिछानेको निर्देशनमा तयार भएको फिल्ममा केदार, वर्षा र विल्सनसहित शिशिर वाड्देल, शारदा गिरी, राधिका कँडेल, पवित्रा साकी (मिस पवी) लगायतको पनि अभिनय रहेको छ । आरम्भ प्रडक्सनको ब्यानरमा मुनाल घिमिरे प्रस्तुतकर्ता र मधुसुदन शर्मा निर्माता रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन, सामीप्यराज तिमल्सेनाको लेखन तथा मित्र गुरुङको सम्पादन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३२३

# बकैयाले ल्यायो ९१ करोडको बजेट, कृषि प्राथमिकतामा

साझाकुरा संवाददाता

हेटौँडा, १६ असार/पूर्वी मकवानपुरको बकैया गाउँपालिकाले कृषिलाई प्राथमिकतामा राखेर बजेट ल्याएको छ । बकैया गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को लागि ९१ करोड ७२ लाख ५० हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ ।

सोमवार एघारौँ गाउँ सभामा उपाध्यक्ष भक्तबहादुर खत्रीले आर्थिक वर्ष ०८२/८३ को लागि प्रस्तुत गरेको बजेट चालु आवको भन्दा एक करोड ८७ लाख ४९ हजार कम हो । बकैयाले चालु आर्थिक वर्षका लागि ९३ करोड ५९ लाख ९९ हजारको बजेट प्रस्तुत गरेको थियो । आर्थिक वर्ष ०८२/८३ मा नीति तथा कार्यक्रम कार्यान्वयनका लागि प्रस्तुत बजेटमा आन्तरिक स्रोतबाट ११ करोड ५१ लाख १८ हजार ६६२ रुपैयाँ, अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट ५८ करोड ९१ लाख ६ हजार तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँडबाट २१ करोड ३० लाख २५ हजार ३३७ रुपैयाँ रहने प्रक्षेपण गरिएको छ ।

विनियोजित बजेटमध्ये पूँजीगत खर्चतर्फ २८ करोड ६ लाख ९१ हजार, चालुतर्फ ६३ करोड ६५ लाख ५९ हजार बजेट बिनियोजन गरिएको छ । त्यस्तै नेपाल सरकारबाट सशर्त अनुदान ३६ करोड ६८ लाख तथा बागमती प्रदेश सरकारबाट सशर्त अनुदान २ करोड ९५ लाख ५० हजार सहित जम्मा ३९ करोड ६३ लाख ५० हजार प्राप्त रकमलाई खर्च गरिने उल्लेख छ । पूर्वाधार निर्माण गर्न ५ करोड, पोषणमैत्री स्थानीयतह घोषणा गर्न ७५ लाख, चिस्याकेन्द्र निर्माण गर्न ६५ लाख, हरेक वडाको समानुपातिक विकास गर्न प्रत्येक वडामा ४० लाखका दरले ४ करोड ८० लाख तथा कार्यपालिका सदस्यलाई ८ लाखको दरले ४८ लाख सहित ५ करोड २८ लाख बजेट बिनियोजन गरिएको छ ।



कृषि औद्योगिकग्राम सञ्चालनका लागि २ करोड, कृषि औद्योगिकग्रामको भौतिक संरचना निर्माणका लागि २ करोड ५० लाख, कोल्डस्टोर निर्माण गर्न अनुदानसहित एक करोड ३० लाख बजेट बिनियोजन गरिएको छ । पालिकाले ल्याएको बजेटमा कृषि तथा पशुपालनलाई प्राथमिकतामा राखेर बजेट बिनियोजन गरिएको हो । गाउँसभामा पालिका अध्यक्ष धर्मराज लामिछाने, प्रमुख प्रसाशकीय अधिकृत महेश श्रेष्ठ, वडाध्यक्षहरु, कार्यपालिका सदस्यलगायतको उपस्थिति रहेको थियो ।

गाउँसभाको अवसरमा उत्कृष्ट कर्मचारी तथा उपभोक्तालाई सम्मान तथा पुरस्कृत गरिएको छ । कार्यक्रममा उत्कृष्ट उपभोक्ता समितिको रुपमा बकैया-१ को कत्लेखोला कल्भट निर्माण उपभोक्ता समिति, निर्माण व्यवसायीमा विएण्ड वी कन्ट्रक्सन, करदातामा कुमार रोशन सिचुआन जेभी, गैरसरकारी संस्थातर्फ एस्थर बेन्जामिन मेमोरियल संस्था तथा उत्कृष्ट रोजगारदाता शिवपुरी फ्रेस डेरीलाई सम्मान गरिएको हो । त्यस्तै उत्कृष्ट कर्मचारीतर्फ बकैया-६ मा रहेको जुइना आधारभूत स्वास्थ्य केन्द्रका कार्यालय सहयोगी शान्ति पाखिन, ११ नं वडा कार्यालयका कार्यालय सहयोगी शेरमान गोले, हात्तिसुँडे आधारभूत स्वास्थ्य केन्द्रका एम्बुलेन्स चालक चन्द्रबहादुर भ्लोनलाई नगद पाँच हजार सहित पुरस्कृत गरिएको थियो ।

त्यस्तै शिक्षातर्फ उत्कृष्ट शिक्षण गर्ने बकैया-५ किसान जागरुक सिद्धार्थ प्राविका शिक्षिका सम्झना रुम्बा, कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउन सफल बकैया-७ माटोकोरी आविका प्रअ शिवप्रसाद बोलखे, एसईइ र कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउन सफल बकैया-९ बाघभैरव माविका र मेशकुमार लामालाई नगद पाँच हजारसहित सम्मान गरियो । त्यस्तै सिमात आधारभूत स्वास्थ्य केन्द्रमा निरन्तर विवादरहित सेवा तथा गाउँघर क्लिनिकलाई प्राथमिकतामा राखी कार्यगर्ने वीनाकुमारी स्याङतान, पशुविकास सेवातर्फ रामकृष्ण तिमल्सिना, कृषि विकास सेवातर्फ भावना अधिकारी, प्राविधिक कर्मचारीतर्फ मोहमद मेराजआलम, वडासचिवतर्फ युवराज ठाडामगर लाई नगद पाँच हजारसहित सम्मान गरिएको थियो ।

सर्वोत्कृट कर्मचारीतर्फ सहायक प्रहरीनिरीक्षक प्रमोद थापालाई नगद १० हजार सहित पुरस्कृत गरिएको थियो । कार्यक्रममा पालिका अध्यक्ष लामिछाने, उपाध्यक्ष खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठलगायतले सम्मान तथा पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा वडाध्यक्षहरु, कार्यपालिका सदस्य तथा पालिका कर्मचारीको सहभागिता रहेको थियो ।

**थाहा नगरपालिकाको ९० करोड ३० लाखको बजेट पारित**

मकवानपुरको थाहा नगरपालिकाको बजेट पारित भएको छ । नगरपालिकाको १६ असारमा सम्पन्न १८ औं अधिवेशनको दोस्रो बैठकले बजेट छलफलसहित पारित गरेको हो । नगरउपप्रमुख भरत गोपालीले सभामा आर्थिक वर्ष २०८२/८३ को लागि ९० करोड ३० लाख रुपैया बजेट पेश गरेका थिए । बजेटमा पालिकाले चालू खर्चमा ६० र पूँजीगत खर्चमा ४० विनियोजन गरेको जनाएको छ ।

थाहा नगरपालिका लागि संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान १२ करोड ३९ लाख, समपूरक अनुदान ४९ लाख, विशेष अनुदान २ करोड, सशर्त अनुदान ३१ करोड ६६ लाख, राजस्व बाँडफाँड १० करोड ७० लाख, रोयल्टी १ करोड १९ लाख गरी जम्मा ५८ करोड ४३ लाख रहेको छ । त्यसैगरी प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान १ करोड २५ लाख, समपूरक अनुदान २ करोड ८८ लाख, विशेष अनुदान ६५ लाख, सशर्त अनुदान २ करोड ४९ लाख र राजस्व बाँडफाँड ५ करोड ७८ लाख रहेको छ ।

नगरपालिकाको आन्तरिक आयतर्फ राजस्व (कर तथा गैरकर) १६ करोड ८० लाख र मालपोत २ करोड गरी जम्मा १८ करोड ८० लाख आम्दानी हुने बजेटमा उल्लेख छ । अधिवेशन नगरप्रमुख विष्णुबहादुर विष्टको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडासदस्य तथा कर्मचारीको उपस्थिति रहेको थियो ।

# बालजागृतिले मनायो खुशीयाली

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ माध्यमिक शिक्षा परीक्षा (एसईई) मा एकजना विद्यार्थीको ४ जीपीएसहित शतप्रतिशत नतीजा हासिल गरेको हेटौंडा-२ बासुदेवमार्गस्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलले सोमबार खुसियाली मनाएको छ ।

४ जीपीए ल्याउने विद्यार्थीलाई नगद पुरस्कार प्रदान गरेको विद्यालयले एसईईमा उत्तीर्ण हुने सबै विद्यार्थीलाई अभिभावकको उपस्थितिमा सम्मान गरेको छ । विद्यार्थीलाई सम्मानपछि विद्यालयका संस्थापक, सञ्चालक, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावकको सहभागितामा र्‍याली निकालिएको थियो । विद्यालय परिसरबाट सुरु भएको खुसियाली र्‍याली हेटौंडा बजारको परिक्रमा गरी विद्यालयमै पुगेर समापन भएको थियो ।

कार्यक्रममा विद्यालय संचालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारी, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष रामकृण तिमल्सिना, विद्यालयका निर्देशक मोहनप्रसाद शर्मा, संचालक प्रकाश ढकाल, बच्चुराम सुबेदी, मोहन न्यौपाने, गणेश हुमागाईं, उमेश अर्याल, विद्यालयका सल्लाहकार भानुभक्त आचार्य लगायतको सहभागिता रहेको थियो ।




४ जीपीएसहित उत्तीर्ण हुने छात्रा अनुप्रस्था देवकोटालाई विद्यालयले नगद ३५ हजार रुपैयाँसहित पुरस्कृत गरेको छ । यस्तै विद्यालयका प्रिन्सीपल विनोद सुवेदी, सहायक प्रिन्सीपल अमूल श्रेष्ठ र विज्ञान विषय शिक्षक प्रेम हमालले जनही १५/१५ हजारका दरले ४५ हजार नगद पुरस्कार प्रदान गरेका हुन् । देवकोटाले विद्यालयबाट कुल ८० हजार रुपैयाँ पुरस्कार पाएकी छन् ।

बालजागृतिबाटै गतवर्ष पनि एकजना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका थिए । बालजागृतिका विद्यार्थीले लगातार ४ जीपीए अंक हासिल गरेका छन् । गतवर्ष ४ जीपीए ल्याउने मकवानपुरको एकमात्र विद्यार्थी बालजागृतिकी रितिका छत्कुली थिइन् । उनले गतवर्ष विद्यालयको तर्फबाट नगद २५ हजार रुपैयाँ, तीनजना शिक्षकबाट ३० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेकी थिइन् ।




# 'कृषिप्रधान देशमा कृषिक्षेत्रले विविध चुनौतीको सामना गर्नुपरेको छ'

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले नेपाल कृषिप्रधान देश भएपनि कृषिक्षेत्रले विविध चुनौतीको सामना गर्नुपरेको बताएका छन् ।

राष्ट्रिय धान दिवस २०८२ को अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले वर्तमान परिवेशमा जलवायु परिवर्तनको असर, खेतीयोग्य जमिनको ह्रास, खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति, युवाको कृषिप्रतिको घट्दो आकर्षण जस्ता समस्याले कृषिक्षेत्रलाई थप संवेदनशील बनाएको बताए । यस अवस्थालाई बदल्न सोचाइ, नीति, प्रविधि, अनुसन्धान र व्यवहारमा आमूल परिवर्तन हुनु नितान्त आवश्यक भएको उनको भनाई छ । सम्बन्धित निकायले कृषकमैत्री नीति निर्माण, बीउ, मलखाद र सिँचाइमा पहुँच, आधुनिक उपकरणको प्रयोग प्राथमिकता दिनुपर्ने सन्देशमा उल्लेख छ ।

प्रदेशप्रमुख देवकोटाले धान उत्पादन राष्ट्रिय आवश्यकता र दिगो समृद्धिको अनिवार्य सर्त भएको बताए । धान केवल अन्नबाली मान नभई समाजको भावनात्मक, सांस्कृतिक र आर्थिक संरचनाको मेरुदण्ड भएको उनको धारणा छ । यसवर्षको राष्ट्रिय धान दिवसले सम्पूर्ण कृषकसमुदायमा थप उत्साह, आत्मबल र समर्पणको भावना जागृत गराउने अपेक्षा उनले राखेका छन् । प्रदेशप्रमुख देवकोटाले धान उत्पादन राष्ट्रिय आवश्यकता र दिगो समृद्धिको अनिवार्य सर्त भएको बताए । उनले नेपाल कृषिप्रधान देश भएकाले धान मुख्य बाली भएको उल्लेख गरे ।

'हरेकवर्ष असार १५ गते मनाइने राष्ट्रिय धान दिवसले आमकृषकलाई सम्मान, कृषिप्रणालीमा नवप्रवर्तन र खाद्यसुरक्षाको सुनिश्चित्ता तर्फको साझा प्रतिवद्धतालाई स्मरण गराउँछ, सम्पूर्ण मेहनती किसान दाजुभाइ तथा दिदीबहिनीलगायत सबैमा धान दिवस तथा रोपाइँ महोत्सव २०८२ को हार्दिक शुभकामना प्रकट गर्दछु' उनले भनेका छन् । वर्षभरको कृषि कर्मको आधारशिलास्वरुप सुरु हुने रोपाइँको यस सन्दर्भमा कृषकको श्रम, प्रकृतिसँगको सहकार्य र इतिहास तथा परम्परागत संस्कृतिको जगेर्ना एकसाथ गर्न सन्देश दिएका छन् ।

धान केवल अन्नबाली नभइ समाजको भावनात्मक, सांस्कृतिक र आर्थिक संरचनाको मेरुदण्ड, श्रम, आशा र भरोसाको प्रतीक भएको उनले स्पष्ट पारेका छन् । धानबालीमा सघनता : खाद्यसुरक्षा र आत्मनिर्भरता भन्ने राष्ट्रिय नाराका साथ २२ औं राष्ट्रिय धान दिवस र रोपाइँ महोत्सवका रुपमा मनाइदै छ ।

# रास्वपाको हस्ताक्षर अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले हेटौंडा-४ स्थित हुप्राचौर गेटअगाडि हस्ताक्षर संकलन अभियान सञ्चालन गरेको छ ।

'विकृति र प्रतिशोधको अवसान, विधिको शासन कायम गर' भन्ने नारासहित रास्वपाले हस्ताक्षर अभियान सञ्चालन गरेको हो । जिल्ला सभापति भरत पराजुलीको नेतृत्वमा सुरु गरिएको अभियान पार्टी सभापति रवि लामिछानेमाथि बताइएको छ । सत्तापक्षबाट गलत अभिप्रायले हस्तक्षेपकारी भूमिका भएको भनिएको राजनीतिक प्रतिशोधको विरोधमा रहेको सभापति पराजुलीले बताएका छन् ।

कार्यक्रममा 'राजनीतिक प्रतिशोध बन्द गर', 'दलीय सिन्डिकेट लोकतन्त्रको अवरोध', 'राज्य संरक्षित अराजकताविरुद्ध जनताको आवाज' लगायत नारा सहित जनसमुदायलाई हस्ताक्षरमा सहभागी गराइएको छ । रास्वपाका अनुसार अभियान मकवानपुर जिल्लाभरिका विभिन्न स्थानमा चरणबद्धरुपमा विस्तार भइरहेको छ । अभियान तीन महिनासम्म निरन्तर चल्नेछ र संकलित हस्ताक्षर प्रधानमन्त्री तथा अन्य सम्बद्ध संवैधानिक निकायमा बुझाइने जनाइएको छ ।

रास्वपाले मुलुकमा देखिएको कथित राजनीतिक हस्तक्षेप, संस्थागत भ्रष्टाचार, तथा निष्पक्षतामाथि उठेका प्रश्नहरुलाई जनताको सहयोगमा उठाउने उद्देश्यले यो पहल थालेको बताएको छ । स्थानीय बासिन्दाको उल्लेख्य उपस्थिति र सहभागिता देखिएको यो अभियानले आगामी दिनमा देशव्यापीरुप लिनसक्ने अनुमान गरिएको छ ।

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि. बाट**

**ऋणको कारोवार गर्ने दस्यहरुलाई बिशेष सुचना !**

*आदरणीय ऋणी सदस्यहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकिँदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको साँवा तथा ब्याज यहि २०८२ अषाढ ३० गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गर्दछौं । सहकारी संस्थाहरुको ऋण असुलीको लागी नेपाल सरकारबाट भर्खरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भई प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्यसम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा/ब्याज नबुझाउने वा नियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले अनिवार्य रुपले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको विवरण सहित तिनपुस्ते अभिलेख पठाउन संस्था बाध्य हुने यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसा रोड
सम्पर्क: ०५७-५२५९१७, ५२४९१६

*'आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन*
*ै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन*

**हार्दिक श्रद्धाञ्जली**

जन्मः १९९७-०३-१५



स्वर्गारोहणः २०८२-०१-१९

**स्व. उमा कुमारी खनाल**

यस संघका काठमाडौं क्षेत्र उपाध्यक्ष श्री श्रीकृष्ण खनालको ममतामयी माता **उमा कुमारी खनाल**को यहि मिति २०८२ साल असार ५ गतेका दिन असामयिक निधन भएको हुँदा आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

सरोजकुमार खनाल — महासचिव
एवम्
हिरालाल श्रेष्ठ — अध्यक्ष

**नारायणी यातायात व्यवसायी संघ**
**कार्यसमिति परिवार**
पारिजातपथ, हेटौंडा-४, मकवानपुर

हेटौंडा उपमहानगरपालिका

**रोजगार मेला-२०८२**

**युवा सीपयुक्त जनशक्ति र रोजगार खोज्ने सबैको लागि सूवर्ण अवसर !**

**प्रबेश निःशुल्क**

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको आयोजना र उद्योग संघ मकवानपुरको सहकार्यमा हेटौंडा औद्योगिक क्षेत्रको उद्योग संघको परिसरमा रोजगार प्रवर्द्धन सम्बन्धी एक दिवसीय रोजगार प्रवर्द्धन मेला आयोजना गरिएको हुँदा उक्त मेलामा उद्योग एवं औद्योगिक प्रतिष्ठान र सरोकारवालाहरु सहभागी भै रोजगार मेलाको फाइदा उठाउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**आकर्षणहरुः**
- रोजगारदाताहरुसंग प्रत्यक्ष पहुँच
- अबसरको पहिचान
- करियर काउन्सिलिङ्ग
- सिपमूलक तालिमको अबसरको जानकारी
- आन्तरिक रोजगार प्रवर्द्धन
- परामर्शदाताहरुबाट परामर्श
- स्थानीय उद्धमीहरुको उत्पादनको प्रदर्शनी

**मिति**: २०८२/३/१८ गते बुधबार

**समय**: बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म

**स्थान**: उद्योग संघ मकवानपुरको परिसर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना